नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## चाडपर्व लक्षित खाद्य पदार्थको निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

(२०८१ असोज ०१ देखि २२ गते सम्म)

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले विभागबाट मोबाइल फुड ल्याब भ्यान संचालन गरी तथा मातहतका कार्यालयहरुबाट निरीक्षण अनुगमनका टोलीहरु बनाई दैनिक रुपमा खटाई देशैभर निरीक्षण अनुगमन जारी राखेको छ।

यसै सन्दर्भमा मिति २०८१/०६/०१ देखि २०८१/०६/२२ सम्म विभाग तथा मातहतका कार्यालयहरुबाट खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमनका लागि टोलीहरु खटाई जम्मा १०९१ बटा खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन गरी कारबाही गरिएको छ। जसमध्ये ५२४ बटा खाद्य बजार, २६९ बटा खाद्य उद्योग र २९८ बटा होटल तथा रेस्टुरेन्टहरु निरीक्षण अनुगमन गरिएको छ।

यसैगरि देशैभरिबाट खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम १५७ बटा नमुना संकलन गरिएको छ। खाद्य स्वच्छता सर्भिलेन्सका लागि १५१ बटा नमुना संकलन गरिएको छ। ३५६ बटा नमुना विश्लेषण गरिएकोमा ७ बटा नमुनाको विश्लेषण प्रतिवेदन प्रतिकुल पाइएको छ। निरीक्षणका क्रममा उपभोग्य मिति समाप्त भएका, पुर्ण लेबल विवरण नभएका र खाद्य अनुमतिपत्र नलिएका रु.२३,९६९६२ मूल्य बराबरको खाद्य पदार्थ जफत तथा नष्ट गरिएको छ।

मिति २०८१/०६/१६ गते देखि यस विभागले विभाग परिसरमा रहेको मोवाइल खाद्य प्रयोगशाला भ्यान प्रयोग गरी बजार अनुगमन निरिक्षण तथा स्थलगत खाद्य परिक्षण कार्यको शुरु गरेको छ। विभागमा आयोजित घुम्ति खाद्य प्रयोगशाला भ्यान पुनः सन्चालन तथा सो प्रयोगशाला भ्यान अवलोकन कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननिय मन्त्री रामनाथ अधिकारीज्यू तथा श्रीमान् सचिव डा गोबिन्द प्रसाद शर्माज्यूबाट मोबाइल खाद्य प्रयोगशाला भ्यानको अवलोकन गरी तत्काल संचालन गर्न निर्देशन दिए संगै उक्त मोवाइल भ्यान संचालनमा आएका हुन। मोवाइल खाद्य प्रयोगशाला भ्यानहरु संचालनमा आएदेखि प्रशोधित दुध, तेल, प्रशोधित पिउने पानी, घ्यू, पेय पदार्थ लगायत विभिन्न

खाद्य पदार्थ गरी ९० वटा नमूनाहरुको स्थलगत चेकजांच गरि प्रारम्भिक प्रतिवेदन अनुसार प्रतिकूल नमूनाहरु उपर खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही चलाइएको छ।

खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमनका क्रममा खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ विपरित कार्य गरेका करिब ७ वटा खाद्य व्यवसायीहरुलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन बमोजिम सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएको छ।

निरीक्षणका क्रममा ललितपुर २३, धापाखेल स्थित पचली भैरव पानी प्रशोधन उद्योगमा प्रशोधित पिउने पानी उत्पादन मापदण्ड २०७४ बमोजिमका मापदण्डहरु र अभिलेख नपाइएको हुँदा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम नमूना संकलन तथा उत्पादन रोक्का गरी प्रशोधित पिउने पानी फिलिङ्ग गर्ने स्थान सिलबन्दी गरिएको छ।

यसैगरि धापासी-०६, स्थित सनराइज वेभेरेज नेपाल प्रा. लि.मा निरीक्षणका क्रममा अनुमतिपत्र नवीकरण नभएको र अर्कैको नामको कम्पनीको जारमा पानी भरी (फिलिङ्ग) विक्री गरेको पाइएको हुँदा प्रशोधन कक्ष सिल गरिएको र अनुमतिपत्र नवीकरण गर्न निर्देशन दिइएको छ।

मिति २०८१/०६/०६गते अर्जुन डेरी प्रा.लि., का.म.पा.-११, एकता मार्ग, नयाँ बानेश्वरमा सिलबन्दी गरिएका ढुसी लागेको बटर, घ्यू र चिजस्थानीय जानप्रतिनिधिको रहोवरमा २४० के जी वटर, २५ के जी चीज र ४४ के जी घ्यू नष्ट गरिएको । यसै गरि मिति २०८१/०६/०७ मा प्रशंसा कलेक्शन एण्ड रिफाईन प्रसोधन केन्द्र, गोदावरी न.पा.-११, ललितपुरमा शिलबन्दी गरिएका ९५ के जी नक्कली घ्यू स्थानीय प्रतिनिधिको रहोवरमा नष्ट गरिएको । मिति २०८१/०५/२९ गते प्रासि फुड प्रडक्ट्स, सिनामंगल-९, काठमाडौंको घ्यूको नमूना विश्लेषण प्रतिवेदन न्यूनस्तरको आएको हुँदा मिति २०८१/०६/१० गते स्थानीय जिल्ला प्रशासनका प्रतिनिधिको रहोवरमा ८० के जी घ्यू र ३० के जी नौनी नष्ट गरिएको थियो।

त्यसै गरी दुग्ध उद्योगबाट उत्पादन भएका प्रशोधित दूधमा सोडाको उपस्थिति समेत मोवाइल फुड ल्याव भ्यानमा परिक्षण गर्दा पाइएकोले खाद्य स्वच्छता तथा गुणस्तर ऐन बमोजिम कारवाहीको प्रकृया बढाइएको छ।

खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न विभागले सम्पूर्ण खाद्य व्यवसायीहरुलाई लेबल विवरण नभएका खाद्य पदार्थ विक्री वतरण नगर्न, सरसफाईमा विशेष ध्यान दिन, खाद्य वस्तु खरिद विक्री गर्दा लेवल अनिवार्य हेर्न, स्टोर तथा भण्डार व्यवस्थित गरी सफा राख्न, उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ छुट्टै भण्डारण गर्न, पकाएको खाद्य पदार्थ छोपेर राख्न, मसिजन्य पत्रिकामा खाद्य पदार्थ नराख्न, किट नियन्त्रण गर्न र अनुमतिपत्र नलिइ खाद्य व्यवसाय संचालन नगर्न निर्देशन दिएको छ ।

खाद्य उद्योग एवं व्यवसायहरुलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निषेधित कार्यहरु नगर्न नगराउन सम्पूर्ण खाद्य व्यावसायीहरुलाई अनुरोध छ। साथै ऐनले निर्देशित गरे बमोजिमका कर्तव्यहरु सबै खाद्य व्यवसायीले पालना गरी दिनु हुन समेत अनुरोध छ। अन्यथा ऐन नियम बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराईन्छ।

आउँदै गरेको दशैं, तिहार, नेपाल सम्बत, छठ लगायत नेपालीहरुको महान चाडपर्व २०८१ को सुखद उपलक्ष्यमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना !

मोहन कृष्ण महर्जन

प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

२०८१/०६/२३

ने.स. ११४४